# एकिकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला र यसको संचालन बिधि

कृषि प्रसारका बिभिन्न तरिकाहरु मध्य कृषककै अगुवाईमा दक्ष कृषि प्राबिधिकको सहयोगबाट कृषकको खेतबारीमै व्यवहारिक प्रयोग तथा सैद्धान्तिक छलफलबाट कृषकहरुलाई कृषि उत्पादन र माटो तथा मलखाद व्यवस्थापन सम्बन्धि ज्ञान दिन स्थापना भएको स्थल नै कृषक पाठशाला हो । कृषक पाठशालालाई छानो र भित्ता बिनाको पाठशाला पनि भन्ने गरिन्छ किन भने कृषकहरुले खुल्ला आकाश मुनी खेत बारीमा नै कृषि सम्बन्धि ज्ञान सिक्ने र सिकाउने काम गर्दछन् ।

कृषक पाठशालाको सफल शुरुवात इन्डोनेसियामा धान बालीको रोग किराको व्यवस्थापन गर्न शुरु भएको भएता पनि हाल बिभिन्न देशहरुमा यसले एकिकृत बाली व्यवस्थापनको रुपमा फड्को मारी सकेको छ । नेपालमा पनि सामुदायिक एकिकृत शत्रु जीव व्यवस्थापनको रुपमा कृषक पाठशालाले धेरै प्रगति गरेको छ । यसरी कृषक पाठशाला एक सशक्त कृषि प्रसारको माध्यमको रुपमा स्थापित भैसकेको कारण दिगो भु-व्यवस्थापन कार्यक्रम अन्तर्गतका सहभागी संस्था, माटो परिक्षण सेवा शाखा र माटो बिज्ञान महाशाखा खुमलटारले पनि आ.ब. २०५८।५९ बाट खाद्यतत्वको उचित व्यवस्थापन गरी दिगो कृषि उत्पादनको लागी एकिकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशालाको शुरुवात गरेको छ ।

## IPNS कृषक पाठशाला किन ?

भारतमा भएको हरित क्रान्तिको प्रभाव, बढ्दो जनसंख्या र आधुनिक कृषि प्रबिधिमा पहुंचको कारण ७० र ८० को दशकमा नेपालमा पनि उन्नत जातको खेती, बाली सघनता, रासायनिक मलको बढ्दो प्रयोग आदी कारण उत्पादन र उत्पादकत्व केही मात्रामा बढेको पाईन्छ तर त्यस पछिका बर्षहरुमा कृषि उत्पादनमा अधोगति आउन थालेको देखिन्छ । यसको मल कारण तराईमा प्रारारिक पदार्थको अत्याधुनिक ह्रास पहाडी क्षेत्रमा भु-क्षयको प्रकोप, जमिनको उर्वराशक्ति (खाद्यतत्व भण्डार) मा ह्रास, असन्तुलित र अवैज्ञानिक मलखादको प्रयोग आदी हुन् । तसर्थ बैज्ञानिक रुपमा मलखादको सन्तुलित व्यवस्थापन नगर्ने हो भने यो समस्याले अरु बिकराल रुप लिन सक्छ । नेपालमा प्रारारिक र गोठेमल खाद्यतत्वको प्रमुख श्रोत हो तर हालको बाली सघनता र बालीको उत्पादन क्षमतालाई ध्यान दिने हो भने प्राँारिक मलले मात्र बालीको आवश्यकता पुग्ने देखिंदैन । तसर्थ प्राङगारिक तथा रासायनिक मलको एकिकृत रुपमा व्यवस्थापन गर्न सके मात्र दिगो माटो व्यवस्थापन हुनुको साथै आशा गरे अनुसारको कृषि उत्पादन पनि लिन सकिन्छ । यही सन्देश कृषक माझ लैजानको लागी क्ष्एल्क कृषकपाठशाला संचालन गर्न शुरु गरिएको हो । यसरी क्ष्एल्क कृषकपाठशाला को प्रमुख उद्धेश्य दिगो माटो व्यवस्थापन भएता पनि क्ष्एल्क कृषकपाठशालामा बाली लगाउने देखि थन्काउने बेला सम्म नै अपनाउने पर्ने आधुनिक प्रबिधि बारे कृषकहरुलाई सैद्धान्तिक तथा व्याबहारिक ज्ञान दिईन्छ ।

## कृषक पाठशालामा के गरिन्छ ?

कृषक पाठशालमा २५-३० जना कृषक सहभागी हुन्छन् । सहजकर्ताको सहयागमा कृषकहरुले कृषक-पाठशाला शुरु हुनु अघि आफ्नो क्षेत्रको बाली पद्धतिमा आधारित रही त्यहांको औषत उत्पादन, राष्ट्रिय औषत

उत्पादन र उक्त बालीले दिन सक्ने अधिकतम उत्पादन आदी बारेमा छलफल गरिन्छ। यसो गर्दा आफ्नो क्षेत्रमा उत्पादन कम छ भन्ने लागेमा उत्पादन कम हुनाको कारण के हुन सक्छ भन्ने बारेमा छलफल गरिन्छ। यसरी छलफल गर्दा माटोको अवस्था र व्यवस्थापन, बाली व्यवस्थापन र मलखाद व्यवस्थापनको बिबिध पक्षहरुमा व्यापक छलफल गरिन्छ। यसरी छलफल गर्दा माटोको उर्वराशक्तिको जानकारी लिने क्रममा, प्रयोगशाला सुबिधा भएको ठाउंमा प्रयोगशालामा माटो बिश्लेषण गरेर नभएको ठाउंमा किटबक्स वा अन्य सरल माध्यमको प्रयोग (pH-paper, NO3-stip, H2O2) गरेर कृषकलाई जानकारी गराउन सकिन्छ। अन्य कुरा (बाली तथा मलखाद व्यवस्थापनको हकमा) कृषकसंगको छलफलबाट जानकारी लिन सकिन्छ। यसरी बिबिध पक्षहरुमा व्यापक छलफल गरेपछि समुह कृषकले नै बाली उत्पादन कम हुनाको कारणहरुको सुचि तयार गर्दछन् र उक्त कारण/समस्या निराकरणको लागी सहजकर्ताको सहयोगमा आधुनिक प्रबिधिको खोजी गरी कृषक पाठशाला संचालन गर्ने योजना तर्जुमा गर्दछन्।

## नियमित बाली अवलोकन र छलफलको कार्य तालिका

| समय | बिषय बस्तु | तरिका/सामाग्री | श्रोत व्यक्ति |
|---|---|---|---|
| ७–७:१५ | हाजिरी र कृषक समुहबाट सहजकर्ताको चयन | समुह छलफल | |
| ७:१५–७:३० | सहजकर्ताबाट खेल प्रस्तुत गर्ने | उखान, टुक्का | |
| ७:३०–७:४५ | कुनै एक सहभागीबाट गत बैठकको पुनरावलोकन गन | प्रस्तुती | |
| ७:४५–८:१५ | समुहबाट बाली अवलोकन गरी म्बतब कजभभत प्रयोग गरेर बालीको अवस्था, रोग, किरा खाद्यतत्वको समस्या आदी तत्थ्याङ्क सङ्कलन गर्ने ( | अवलोकन,<br>कापी, कलम | |
| ८:१५–८:४५ | ठुलो कागजमा आफ्नो समुहको अवलोकन, पहिचान गरेको समस्या र समस्या समाधानको सुझाव समेत हरेक उपसमुहले प्रतिवेदन तयार गर्ने । | मार्कर, ब्राउन पेपर | |
| ८:४५–९:१५ | • समुहको प्रस्तुती<br>• सामुहिक छलफलबाट समस्या पहिचान तथा समाधानको निष्कर्ष निकाल्ने (सहजकर्ताले आवश्यक बातावरण तयार गरी निचोड निकाल्न सहयोग गर्ने) | प्रस्तुती तथा<br>सामुहिक छलफल | |
| ९:१५–९:३० | सहजकर्ताबाट समुह परिचालनको लागी खेल चुट्किला प्रस्तुत गर्ने / चियापान | समुह परिचालन सम्बन्धि ज्ञानबर्धक खेल | |
| ९:३०–१०:३० | समयानुकुल बिशेष कक्षा र छलफल | प्रस्तुती तथा<br>सामुहिक छलफल | |
| १०:३०–११:०० | सिफारिसको कार्यान्वयन तत्काल गर्ने समुहिक रुपमा १ | ब्यबहारिक प्रयोग | |
| | अर्को बैठकको मिति तोक्ने र अर्को बैठकमा छलफल हुने बिशेष कक्षाको बिषय पनि तोक्ने । २ | छलफल | |

१. यसो गर्दा कृषक तरिकामा आफ्नै परमपरागत काम मात्र गर्ने र क्षएल्व तरिकामा मात्र छलफलको निष्कर्षबाट आएको सिफारिस अनुसार गर्ने, यदी तत्काल गर्न सम्भव नभएमा त्यसको भोलीपल्ट वा पर्सिपल्ट (सकभर छिटो) गर्न सकिन्छ ।

२ बिषय बस्तुमाकुन कुन बिषय बस्तु समावेश गर्ने भन्ने कुरो अवश्था बिश्लेषणबाट पहिचान भएका मुख्य समस्याा र तिनको समाधानको बारेमा केन्द्रित हुनु आवश्यक छ । जस्तै : उन्नत बीउको महत्व, सिंचाई र गोडमेल, सन्तुलित मलखादको आवश्यकता, उचित मात्रा र प्रयोग गर्ने समय, माटो बिग्रनुको कारण र सुधारको उपाय, गोठेमलको सुधार, मुख्य मुख्य रोग किरा र रोकथामका उपाय आदी ।

यसरी बैठक बस्दा वा पाठशाला संचालन गर्दा बाली अवलोकन, माटो जांच आदीको लागी सहयोगी हुने सामग्रीहरु जस्तै : नाईट्रेट स्ट्रिप, रोग किराको नमुना (चित्र), खाद्यतत्वको कमीको लक्षण देखाउने चित्र, मतदान बाकस, हाईड्रोजन परअक्साईड, भु-क्षय बाकस जस्ता सामग्रीहरुको प्रयोग गरी पाठशालालाई सकभर बढी व्यवहारिक र रमाईलो वातावरण सिर्जना गर्न सक्नु पर्दछ ।